# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड - ८ राजापुर नगरपालिका, बैशाख ०३ गते २०८२ साल संख्या - २

# भाग २

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८१।१२।३१ गते पारित भई नगर प्रमुखबाट मिति २०८२ बैशाख ०३ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## **नगर शिक्षा योजना**, २०८१-२०९०

RAJAPUR EDUCATION PLAN

# बिषय सूची

परिच्छेद –१ ....................................................................................................................3
१पृष्ठभूमि १. .....................................................................................................................5
१नगरपालिकाको परिचय २. ......................................................................................................6
१.३ नगरपालिकाको  शैक्षिक अवस्था.........................................................................................8
१.४  नगरपालिकाका शैक्षिक समस्या, चुनौति र अवसरहरु ...........................................................12
परिच्छेद –२ ..................................................................................................................15
२ दीर्घकालीन सोच   २.२.(Vision) .........................................................................................17
२ ध्येय  ३.२.(Mission)...........................................................................................................17
२ ४.२. लक्ष्य तथा उद्देश्यहरू (Objectives) ...................................................................................17
२दीर्घकालीन रणनीतिहरु ५.२. ...............................................................................................18
२.२अपेक्षित मुख्य उपलब्धि ६. ..................................................................................................19
२.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ..............................................................1
परिच्छेद : ३ .......................................................................................................................1
३.१  प्रारम्भिक बालविकास र शिक्षा ..........................................................................................1
३.२ आधारभूत शिक्षा .............................................................................................................11
३.४  माध्यामिक शिक्षा ............................................................................................................35
३.४  प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ..........................................................................44
३.५ अनौपचारिक शिक्षा र  आजीवन  सिकाइ...............................................................................74
परिच्छेद : चार ..................................................................................................................100
४क्रमपाठ्य १., पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मूल्याङ्कन..................................................100
४शिक्षक व्यवस्थापन र विकास २. .........................................................................................58
४शैक्षिक समता र समावेशीकरण ३.........................................................................................127
४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम..............................................................................138
४विद्यालय सुरक्षा ५., विपत् न्यूनीकरण तथा उत्थानशीलता .....................................................143
४विद्यालय भौतिक पूर्वाधार  विकास  ६. ...............................................................................161
४.७  विद्यालयमा सुचना तथा सञ्चार प्रविधि ............................................................................139
परिच्छेद : ५ .....................................................................................................................130
तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध....................................130
५.२. उच्च शिक्षा ....................................................................................................................188
परिच्छेद ६ : ......................................................................................................................198
सुशासन तथा व्यवस्थापन ......................................................................................................198
परिच्छेद ७ : .......................................................................................................................186
लगानी र स्रोत व्यवस्थापन ....................................................................................................186
परिच्छेद ८ : .......................................................................................................................198
अनुगमन तथा मूल्याङ्कन.........................................................................................................198

RAJAPUR EDUCATION PLAN

निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू १५ वर्षे दिगो विकास लक्ष्य पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरु र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८ देखि २०८७ सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रुपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रुपमा भूमिका खेल्नेअ पेक्षा राजापुर नगरपालिकाले समेत स्थानियतामा आधारित रहेर यो शिक्षा क्षेत्रको १० बर्षे योजना निर्माण गरिएको छ।

## १.२ नगरपालिकाको परिचय

### क) संक्षिप्त इतिहास

बर्दिया जिल्लाका ८ वटा स्थानीय तहहरुमध्ये राजापुर नगरपालिका एक हो। राजापुर नगरपालिकाको स्थापना वि.स. २०७१।०१।२५ गते भएको हो। साविकका दौलतपुर, बदालपुर, नयाँगाउँ, राजापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स.लाई समायोजन गरी राजापुर नगरपालिकाको घोषणा गरिएको थियो। त्यस पछि वि.स. २०७३।११।२४ गते पुनः यस नगरपालिकामा खैरी चन्दनपुर गा.वि.स.लाई समेत समायोजन गरि यस नगरपालिकाको क्षेत्र विस्तार भएको हो। साविक राजापुर नगरपालिकालाई १९ वटा वडामा विभाजन गरिएको थियो भने वि.स. २०७४ मा आयर यसलाई १० वटा वडामा मात्र विभाजन गरिएको छ। यस नगरपालिकाको पुर्वि सिमामा मधुवन नगरपालिका, पश्चिम सिमामा सुदुरपश्चिम प्रदेश, उत्तर सिमामा गेरुवा नगरपालिका र दक्षिण सिमामा भारत रहेको छ। वि.स. २०७८ को राष्ट्यि जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा जम्मा १३६१९ परिवार सङ्ख्या रहेको छ भने पुरुषको सङ्ख्या २८५९१ जना र महिलाको सङ्ख्या ३२२४० जना गरी जम्मा जनसङ्ख्या ६०८३१ जना रहेको छ।

हालको राजापुर नगरपालिका र गेरुवा गाउँपालिकालाई भौंरा भनेर चिनिन्थ्यो । सो भौंरा टापुमा ११ गा.विस समावेश थियो । राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाको पूर्वमा गेरुवा (स्थानीय भाषा गेह्वाः घेर्ने, घेरिएको शब्द बाट गेह्वा हुँदै गेरुवा भएको) र पश्चिममा कर्णाली (स्थानीय भाषामा कौर्यार) नदी छ । सो बेला यस स्थानमा आउनका लागि यि दुई नदीहरु पार गर्नुपर्थ्यो । यस ठाउँको माटो निक्कै मलिलो, उर्बर भएकाले बसाई सराई भएको पाइन्छ । बसाई सराईका लागि भौंरा (भमरा किरा) जस्तै उडेर आउनु पर्ने महसुसले गर्दा भौंरा नामाकरण भएको कतिपयको भनाई छ ।

यस नगरपालिकाको नाम राजापुर रहनुको कारण विभिन्न जनविश्वास र ऐतिहासिक पृष्ठभुमि रहेका छन्। कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजारजौटाहरुले बसोवास गर्थे पछि राजा राजा हुदैं राजापुर भएको हो भन्ने विश्वास पाइन्छ।

### ख)भौगोलिक अवस्थिति र सिमाना

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका भौलोलिक हिसावले २८°२१' २५.१६'' देखि २८°२९' ४३'' उत्तरी आक्षाँश र ८१°३' २५.६३'' देखि ८१°१२' ५२'' सम्म पूर्वि देशान्तरसम्म फैलिएको यो नगरपालिका तराई प्रदेशमा पर्दछ। समुद्र सतहबाट १४१ मिटर देखि १५४ मिटर सम्मको उचाईमा अवस्थित छ। १२७.०८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस नगरपालिकाको पुर्वि सिमामा मधुवन नगरपालिका, पश्चिम सिमामा सुदुरपश्चिम प्रदेश, उत्तर सिमामा गेरुवा नगरपालिका र दक्षिण सिमामा भारत रहेको छ।

RAJAPUR EDUCATION PLAN

## ग) सामाजिक अवस्था

वि.स. २०७८ को राष्टिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा जम्मा १३६१९ परिवार सङ्ख्या रहेको छ भने पुरुषको सङ्ख्या २८५९१ जना र महिलाको सङ्ख्या ३२२४० जना गरी जम्मा जनसङ्ख्या ६०८३१ जना रहेको छ। नगरपालिकामा सबैभन्दा बढी जनसङ्ख्या थारु समुदायको रहेको छ भने त्यसपछी क्रमश ब्राह्मण, क्षेत्री, कामी, मगर, मुसलमान, दमाई/ढोली, ठकुरी आदी जातिको बसोबास रहेको छ। यस नगरपालिकामा अधिकांश मानिसहरुले हिन्दु धर्म मान्ने गर्दछन् भने केही मानिसहरु ईस्लाम र क्रिस्चियन धर्म मान्छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै धर्म संस्कृति र चालचलनहरु छन् । यहाँका मानिसहरु बडा दशै, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका तिज, श्रिपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, अटवारी, गुरहि, विवाह पञ्चमी, होली, चैते दशै, माघ/माघे संक्रान्ती, सिरुवा, भुर्की पुजन, बुद्ध जयन्ती, विभिन्न ल्होसार पर्वहरु, क्रिसमस डे आदी चाडपर्वहरु मनाउने गर्दछन्। यस ठाउँका मानिसहरुको मुख्य पेशा कृषि हो। सरकारी सेवामा यहाँका मानिसहरुको उपस्थिति कम रहेको छ । यहाँका युवाहरु रोजगारीका लागि भारत तथा अन्य मुलुकहरुमा जाने गर्दछन् । थारु समुदायमा बरघर प्रणाली मार्फत सामुहिक कार्यहरु जस्तै बेठ बेगारी, भोजभतेरका साथै कसैको घरमा मान्छे बित्यो भने सहयोग गर्ने र विवाहमा समेत सहयोग दिने चलन छ । माघमा नयाँ बरघर, गुर्वा, चौकीदार चुन्ने चलन छ । थारु समुदायले माघ पर्वलाई नया वर्षको रुपमा मनाउने गर्दछ । यो महान पर्व पनि हो । यस पर्वपछी माघी देवानी भन्ने गरिन्छ जसमा गाउको गत वर्षको समिक्षा गर्नुको साथै आगामी वर्षका लागि योजना पनि बनाइने गरिन्छ । यसैगरी दाईभाई घर छुट्टिने वा संगै बस्ने भन्ने सल्लाह गरिन्छ ।

## घ) जनङ्ख्या सम्बन्धि विवरण

वि.स. २०७८ को राष्टिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस नगरपालिकामा जम्मा १३६१९ परिवार सङ्ख्या रहेको छ भने पुरुषको सङ्ख्या २८५९१ जना र महिलाको सङ्ख्या ३२२४० जना गरी जम्मा जनसङ्ख्या ६०८३१ जना रहेको छ। नगरपालिकाको जम्मा जनसङ्ख्यामा पुरुष भन्दा महिला ३६४९ जनाले बढी छन् । कुल जनसङ्ख्यामा पुरुषको जनसङ्ख्या ४७% र महिलाको जनसङ्ख्या ५३% हुन्छ। उक्त जनसङ्ख्या तथा घरधुरीको आधारमा औषत परिवार सङ्ख्या प्रति घरधुरी करिव ४.४५ जना हुन्छ। राजापुर नगरपालिकाको औषत जनघनत्व प्रति वर्ग किलोमिटर ४७९ जना छ।

राजापुर नगरपालिकाले राजापुर राजपत्रमा प्रकाशन गरेको एकीकृत स्थानिय तह वस्तुगत विवरण २०८० को घरधुरी तथ्याङ्क संकलन प्रतिवेदन २०८० मा भने जनसङ्ख्याको आकार फरक पाइएको छ । यस प्रतिवेदन अनुसार राजापुर नगरपालिकामा जम्मा जनसङ्ख्या ६०,९२७ रहेकोमा महिलाको जनसङ्ख्या ३०,२८८ र महिलाको जनसङ्ख्या ३०,६२४ र अन्य १५ जना रहेको छ । यस जनसङ्ख्यामा थारु समुदायको पहिलो ठुलो जनसङ्ख्या (७८.२%), दोस्रोमा ब्राम्हण÷क्षेत्री (६.६%) र तेस्रोमा दलित (४.४%) र अन्य समुदायको रहेको छ । राष्ट्रिय जनगणना २०६८ र २०७८ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या तालिका नं. १ मा दिइएको छ।

**तालिका नं.१.१**

**राजापुर नगरपालिकाको जनसङ्ख्या**

| क्र.सं. | लिङ्ग | कुल जनसङ्ख्या २०६८ | प्रतिशत | कुल जनसङ्ख्या २०७८ | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | महिला | ३०६३२ | ५१.४३ | ३२२४० | ५३ |
| २ | पुरुष | २८९२१ | ४८.५७ | २८५९१ | ४७ |
| **३** | **जम्मा** | **५९५५३** | **१००.००** | **६०८३१** | **१००** |



RAJAPUR EDUCATION PLAN

तालिका नं. १ अनुसार, महिला ५३% र पुरुष ४७% प्रतिशत देखाइएको छ । राष्ट्रिय जनगणना २०७८ र राजापुर नगरपालिकाको घरधुरी सर्वेक्षण प्रतिवेदन २०८० अनुसार जनसङ्ख्याको विवरणमा अन्तर रहेको पाइन्छ । घरधुरी सर्वेक्षण प्रतिवेदन २०८० अनुसार जम्मा जनसङ्ख्या ६०,९२७ मध्य महिलाको जनसङ्ख्या ५०.२६% र पुरुष ४९.७१% रहेको छ । अर्थात महिला र पुरुषको जनसङ्ख्यामा खासै अन्तर देखिदैन ।

## ङ) वडा अनुसार जम्मा घरधुरी तथा जनसङ्ख्या

राष्टिय जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या ६०८३१ रहेको छ भने १३६५९ घर परिवार रहेको छ। वडा अनुसार जनसङ्ख्या हेर्दा सबैभन्दा बढी वडा नं. ४ मा ८८८६ छ भने सबैभन्दा न्युन वडा नं. ७ मा ४०६८ रहेको देखिन्छ। औषत घरपरिवारको आकार ४.४५ रहेको यस नगरपालिकामा लैंगिक अनुपात भने ८८.७८ रहेको छ। यस सम्बन्धि वडागत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. १.२**

**वडागत रुपमा जम्मा घरधुरी तथा जनसङ्ख्या**

| वडा नं. | घरधुरी तथ्याङ्क सङ्कलन २०७५ | | | | | | राष्टिय जनगणना २०७८ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसङ्ख्या | | | औषत घरपरिवार आकार | लैंगिक अनुपात | घरपरिवार | जनसङ्ख्या | | | औषत घरपरिवार सङ्ख्या | लैंगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | | |
| १ | १२८३ | ५३९७ | २३५७ | ३०४० | ४.२१ | ०.७८ | १३७८ | ६०३७ | २८४८ | ३१८९ | ४.३८ | ०.८९ |
| २ | १२५१ | ५७४१ | २७२९ | ३०१२ | ४.५९ | ०.९१ | १३४१ | ५८०७ | २७१६ | ३०९१ | ४.३३ | ०.८८ |
| ३ | १२५५ | ५६९४ | २४९९ | ३१९५ | ४.५४ | ०.७८ | १३४८ | ५९२३ | २६५८ | ३२६५ | ४.३९ | ०.८१ |
| ४ | १६९३ | ७०७९ | ३३०० | ३७७९ | ४.१९ | ०.८७ | १९२६ | ७८८६ | ३७७३ | ४११३ | ४.०९ | ०.९२ |
| ५ | १३६० | ६३११ | २९३८ | ३३७३ | ४.६४ | ०.८७ | १४४१ | ६२९८ | २८७७ | ३४२१ | ४.२५ | ०.८४ |
| ६ | ११८५ | ५६१७ | २५८३ | ३०३४ | ४.७४ | ०.८५ | १४०८ | ६५७२ | ३२४४ | ३३२८ | ४.६७ | ०.९७ |
| ७ | ७६६ | ३३७२ | १५०५ | १८६७ | ४.४० | ०.८१ | ९०८ | ४०६८ | १८७४ | २१९४ | ४.४८ | ०.८५ |
| ८ | १०५९ | ५१५४ | २३३९ | २८१५ | ४.८७ | ०.८३ | ११८१ | ५६३९ | २६१५ | ३०२४ | ४.७७ | ०.८६ |
| ९ | १०१८ | ४६६३ | २०५६ | २६०७ | ४.५८ | ०.७९ | १०९८ | ५३७१ | २५९९ | २७७२ | ४.८९ | ०.९४ |
| १० | १२६८ | ६५५६ | ३२१३ | ३३४३ | ५.१७ | ०.९६ | १५९० | ७२३० | ३४०३ | ३८२७ | ४.55 | ०.८९ |
| **जम्मा** | **१२१३८** | **५५५८४** | **२५५१९** | **३००६५** | **४.५८** | **०.८४** | **१३६५९** | **६०८३१** | **२८६०७** | **३२२२४** | **४.४५** | **०.८९** |

***स्रोत: घरधुरी तथ्याङ्क सङ्कलन २०७५ र जनगणना २०७८***

तालिका नं. २ मा, घरधुरी तथ्याङ्क संकलन २०७५ अनुसार जम्मा घरपरिवार १२१३८ देखिन्छ र ३ वर्षपछिको जनगणनामा १३६५९ पुगेको देखिन्छ । सबैभन्दा धैरै घरपरिवार सङ्ख्या वडा नं. ४ मा (७७८६) छ भने सबैभन्दा कम घरपरिवार सङ्ख्या वडा नं. ७ मा (९०८) रहेको छ ।

## १.३ नगरपालिकाको शैक्षिक अवस्था

## क) सञ्चालित शैक्षिक संस्था र विद्यार्थीहरुको विवरण



RAJAPUR EDUCATION PLAN

राजापुर नगरपालिकामा ५० ओटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। जसमध्ये ३६ ओटा सामुदायिक र १४ ओटा संस्थागत विद्यालय रहेका छन्। विद्यालय र समुदायमा समेत गरी ७७ ओटा बालविकास केन्द्र र १४ वटा संस्थागत बाल विकास केन्द्रहरु गरि ९१ वटा सञ्चालनमा रहेका छन्। उच्च शिक्षा अन्तर्गत एउटा क्याम्पस सञ्चालनमा रहेको छ। अनौपचारिक तथा निरन्तर शिक्षा तर्फ २ ओटा सामुदायिक सिकाई केन्द्र र १ वटा शिशु स्याहार केन्द्र रहेका छन्। शैक्षिक संस्थाको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका नं. १.३**

**राजापुरका शैक्षिक संस्थाहरुको विवरण**

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | आधारभूत तह १-३ सञ्चालित | १ | ० | १ |
| २ | आधारभूत तह १-५ सञ्चालित | २१ | ३ | २४ |
| ३ | आधारभूत तह १-८ सञ्चालित | ५ | ५ | १० |
| ४ | माध्यामिक तह १-१० सञ्चालित | ३ | ५ | ८ |
| ५ | माध्यामिक तह १-१२ सञ्चालित | ६ | ० | ६ |
| ६ | बाल विकास केन्द्र | ७७ | १४ | ९१ |
| ७ | सामुदायिक सिकाई केन्द्र | २ | ० | २ |
| ८ | सामुदायिक शिशु स्याहार केन्द्र | १ | ० | १ |
| ९ | क्याम्पस | १ | ० | १ |
| १० | प्राविधिक शिक्षालय | ० | १ | १ |

माथी उल्लेखित तालिकामा सामुदायिक विद्यालय ३६ वटा र संस्थागत विद्यालय १४ वटा गरि जम्मा ५० वटा विद्यालयहरु रहेको देखिन्छ। बालविकास केन्द्रहरु सामुदायिक ७७ र संथागत १४ गरि जम्मा ९१ वटा र सामुदायिक सिकाई केन्द्रहरु २ र सामुदायिक शिशु स्याहार केन्द्र १ ओटा रहेका छन्।

**तालिका नं. १.४**

**वडागत विद्यालय विवरण**

| वडा नं. | आधारभूत | माध्यामिक | कक्षा ०-५ | कक्षा ०-८ | कक्षा ०-१० | कक्षा ०-१२ | प्राविधिक धार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | १ | २ | २ | ० | १ | ० | ५ |
| २ | ६ | १ | ५ | १ | १ | ० | ० | ७ |
| ३ | ४ | ० | ३ | १ | ० | ० | ० | ४ |
| ४ | २ | ५ | २ | ० | ४ | १ | १ | ८ |
| ५ | ३ | २ | २ | १ | १ | १ | ० | ५ |
| ६ | ४ | १ | २ | २ | ० | १ | ० | ५ |
| ७ | २ | ० | १ | १ | ० | ० | ० | २ |
| ८ | ३ | १ | ३ | ० | १ | ० | ० | ४ |
| ९ | ४ | १ | ३ | १ | ० | १ | ० | ५ |
| १० | ४ | २ | ३ | १ | १ | १ | ० | ६ |
| **जम्मा** | **३६** | **१४** | **२६** | **१०** | **८** | **६** | **१** | **५१** |

राजापुर नगरपालिकाको ५० विद्यालयमध्ये कक्षा १-३ सञ्चालित २, कक्षा १-५ सञ्चालित २५ , कक्षा १-८ सञ्चालित ९, कक्षा १-१० सञ्चालित ८ र कक्षा १-१२ सञ्चालित ६ ओटा विद्यालयहरु रहेका छन्। कक्षा १-१२ सञ्चालित

RAJAPUR EDUCATION PLAN

सामुदायिक विद्यालयमा हाल कृषि विज्ञान र पशु विज्ञान तर्फको कक्षा ९-१२ सम्मको CTEVT बाट सञ्चालित प्राविधिक विद्यालय समेत  सञ्चालनमा छ।

**तालिका नं. १.५**
**राजापुरमा विद्यालयमा अध्ययनरत जनजाति, दलित र अन्य विद्यार्थीहरुको सङ्ख्या**

| जाती | ECD | | | | कक्षा १-५ | | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | O | T | G | B | O | T | G | B | T | G | B | T | G | B | T |
| जम्मा | १३९९ | १५३६ | २ | २९३७ | २६४३ | ३०२० | ० | ५६६३ | १५८२ | १५४५ | ३१४६ | १०२७ | ८५८ | १८८५ | ८४९ | ४९६ | १३४५ |
| जनजाती | १०४३ | ११५५ | २ | २२०० | १९८६ | २२६३ | ० | ४२४९ | ११६४ | ११६९ | २३३३ | ७८१ | ६७७ | १४५८ | ७०२ | ४२४ | ११२६ |
| दलित | १०६ | १०१ | ० | २०७ | २२१ | ३०१ | ० | ५२२ | १२९ | १०८ | २३८ | ६५ | ४३ | १०८ | ३० | १५ | ४५ |
| अपांगता | ० | २ | ० | २ | ६ | ७ | ० | १३ | ५ | १ | ६ | २ | २ | ४ | १ | १ | २ |

*स्रोत: IEMIS २०८०*

शैक्षिक सत्र २०७९ मा बालविकासतर्फ २६९६, कक्षा १-५ मा ५३८१, कक्षा ६-८ मा ३१६९, कक्षा ९-१० मा १९३४ र कक्षा ११-१२ जम्मा १२०८ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी सङ्ख्या १४३८८ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा सङ्ख्या ७१६४, छात्र सङ्ख्या ७२०३ र अन्य २१ रहेको छ।

**तालिका नं. १.६**
**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र. सं. | तह | दरबन्दी | राहत | अनुदान/अस्थायी | जम्मा | न.पा. अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ११६ | ६३ | ० | १७९ | ८ | १८७ |
| २ | निम्न माध्यामिक | २६ | १७ | ३ | ४६ | ४७ | ९३ |
| ३ | माध्यामिक | १९ | १३ | १ | ३३ | १५ | ४८ |
| ४ | उच्च माध्यामिक | ० | ० | ८ | ८ | २ | १० |
| **कुल जम्मा** | | **१६१** | **९३** | **१२** | **२६६** | **७२** | **३३८** |
| ५ | वा.वि.के | ० | ० | ७५ | ७५ | २ | ७७ |
| ६ | सा.सि.के. | ० | ० | २ | २ | ० | २ |

## ख)  राजापुर नगरपालिकाको साक्षरताको अवस्था र तह अनुसारको शैक्षिक अवस्था

राजापुर नगरपालिका, बर्दियाको साक्षर घोषणा सम्बन्धी प्रतिवेदन २०७६ अनुसार १५-६० बर्ष उमेर समूहको साक्षरता दर ९८ प्रतिशत रहेको छ। पुरुष र महिला साक्षरतामा भने थौरै अन्तर देखिन्छ। पुरुष साक्षरता ९९.६४ र महिला साक्षरता ९७.४१ प्रतिशत रहेको छ। वडागत रुपमा हेर्दा सबैभन्दा बढी साक्षरता दर वडा नं.१ मा ९९.६ प्रतिशत र सबैभन्दा कम वडा नं. ७ मा ९५.२ प्रतिशत रहेको छ। साक्षरताको दर राम्रो भए पनि उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भने नगरपालिकाको अवस्था कमजोर देखिन्छ।

**तालिका नं. १.७**
**राजापुर नगरपालिकाको तहगत शिक्षाको अवस्था**

RAJAPUR EDUCATION PLAN

| क्र. स. | तह | सङ्ख्या (जम्मा ४४,६८० ) | प्रतिशत |
|---|---|---|---|
| १ | प्रारम्भिक वालविकास (Early Education) | १७२८ | ३.९% |
| २ | प्राथमिक तह (Primary Education) | ११२६४ | २५.२% |
| ३ | आधारभूत तह (Lower Secondary) | १००४१ | २२.५% |
| ४ | माध्यामिक तह (Upper Secondary) | ७८९३ | १७.७% |
| ५ | एस एल सी /एस इ इ (SLC/SEE) | २८९६ | ६.५% |
| ६ | इन्टमिदियत (Intermediate Education) | ४००६ | ९.०% |
| ७ | स्नातक (Graduate) | ११०५ | २.५ |
| ८ | स्नातकोत्तर (Post Graduate) | ५१४ | १.२% |
| ९ | अन्य (Others) | ३५३ | ०.८% |

*स्रोत: जनगणना २०७८*

तालिका १.१० को अनुसार प्राथमिक तहमा सबैभन्दा धेरै विद्यार्थी देखिन्छन । त्यो अनुपात घट्दै आउछ । माध्यामिक तह र एस एल सी /एस इ इ सम्म आउदा त्यो अनुपात दोब्बरले घट्छ । यसले के देखाउछ भने जसरि कक्षा बढ्दै जान्छ त्यसरी नै कक्षा छोड्नेको अनुपात पनि बढ्दै जान्छ ।

## ग) राजापुर नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

बर्दिया जिल्लाका १० स्थानीय तहमध्ये राजापुर नगरपालिका एक विकट नगरपालिका हो । बर्दिया जिल्लाका प्राय सबै स्थानीय तहहरुको शैक्षिक अवस्था सन्तोषजनक देखिदैन। तथापी यस नगरपालिकामा भौतिक पुर्वाधारका साथै शैक्षिक गतिविधिहरुमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरु भने देखिन थालेका छन्। माथि उल्लेखित तथ्याङ्क र तल उल्लेखित सूचाङ्कको आधारमा राजापुर नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ।

**तालिका नं १.८**

**राजापुर नगरपालिकाको शैक्षिक सूचकहरुको अवस्था**

| क्र.सं. | सूचक | २०८१ को अवस्था |
|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर (%) | १२१.२ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षामा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ९७.४ |
| **२** | **आधारभूत शिक्षा (१-८)** | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर | ९५.९ |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | १०३.९ |
| २.३ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.६ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | १२१.४ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ९५ |
| २.६ | प्राथमिक कक्षा ५ पूरा गर्ने दर | ९४.५ |
| २.७ | कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०९ |
| २.८ | कक्षा १-८ मा खुद भर्ना दर | ९४.९ |
| २.९ | कक्षा १-८ मा कूल भर्ना दर | १२०.१ |

RAJAPUR EDUCATION PLAN

| | | |
|---|---|---|
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | ८७.६ |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ८४ |
| २.१२ | कक्ष १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८४ |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | २२.६ |
| **३** | **माध्यामिक शिक्षा** | |
| ३.१ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५१.२ |
| ३.२ | कक्षा ९-१२ मा कुल भर्ना दर | ७६.५ |
| ३.३ | कक्षा १० सम्मको टिकाउ दर | ६५ |
| ३.४ | कक्षा १२ सम्मको टिकाउ दर | ३० |
| ३.५ | कुल भर्ना दरमा लैङ्गिक समता सूचक ९-१२ | १.३९ |
| ३.६ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षकको प्रतिशत | २२ |
| ३.७ | प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थी भर्ना प्रतिशत | १२.०९ |
| **४** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाई** | |
| ४.१ | साक्षरता दर ( १५ वर्ष भन्दा माथि ) (%) | ७० |
| ४.२ | साक्षरता दर ( ६ वर्ष भन्दा माथि ) (%) | ९५ |
| ४.३ | साक्षरता दर ( १५-२४ उमेर समूह ) (%) | ९८.५ |
| **५** | **सुशासन तथा व्यवस्थापन** | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३०:१ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३४:१ |
| ५.३ | कक्षा १-८ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३१:१ |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३९:१ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ५६:१ |
| **६** | **शिक्षामा लगानी** | |
| ६.१ | कुल बजेटमा शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | १६६५१८०००।- |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | २० |
| ६.३ | माध्यामिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | १५ |

*स्रोत: जनगणना २०७८*

माथिको तालिकामा व्यवस्थापन र शिक्षा संकायमा अधिकतम सहभागिता देख्न सकिन्छ । जस्मा पुरुषको सहभागिता ३५.३% छ भने महिलाको सहभागिता २९.५% छ । यसैगरी शिक्षा संकायमा पुरुष २७% र महिला ४१.२% रहेका छन् । यसपछिका प्राविधिक विषयहरुमा भने एकदमै न्यून सहभागिता देखिन्छ । विज्ञान र प्रविधिमा जम्मा ५.९%, स्वास्थ्य र मेडिकल विज्ञानमा जम्मा ३.३%, इन्जिनियरिङ्गमा १.८%, कानूनमा ०.४%, कृषिमा १.७%, वनविज्ञानमा ०.४%, जीव विज्ञान/भेटेनरी/माछामा ०.६% हुँदै सूचना प्रविधिमा जम्मा १.०% रहेको छ । प्रविधिसँग जोडिएको विषयमा सहभागिता कम हुनुको कारण कहि न कहि शैक्षिक आधार स्तम्भ कमजोर भएको या प्रयाप्त समय दिन नसक्ने अवस्था या यस्ता विषयहरुको बारेमा जानकारी नभएको हुन सक्छ ।

## १.४ नगरपालिकाका शैक्षिक समस्या, चुनौति र अवसरहरु

**क) शैक्षिक समस्या**

RAJAPUR EDUCATION PLAN

राजापुर नगरपालिकाको समग्र शैक्षिक अवस्थाको बारेमा विश्लेषण र नगरपालिकाको अनुभूति र भोगेका समस्याहरु निम्न अनुसार छन्।

१. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विशेषत सुविधाविहिन समूहका केही बालबालिकाहरु विद्यालय बाहिर रहिरहनु।
२. आर्थिक अवस्था कमजोर भएका अभिभावकहरुले रोजगारीका लागि जाने ठाँउमा आफ्ना बालबालिकाहरुलाई समेत लगेर जानु।
३. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु। विद्यालय छोडेको विद्यार्थीलाई पुन ल्याउन नसक्नु ।
४. शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्च शिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु।
५. संघिय सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु।
६. सार्वजनिक शिक्षामा स्थानिय समुदायको अपनत्व सिर्जना हुन नसक्नु।
७. सामुदायिक विद्यालयका शिक्षकहरुको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणामा कमी हुनु।
८. शिक्षण पेशा आकर्षणको पेशा हुन सकेको छैन । शिक्षकहरुको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल हुनु।
९. सबै विद्यालयको भौतिक अवस्था सन्तोषजनक छैन । विद्यालयहरु विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्ताररतिर ध्यान दिनु। तथापी शौचालय तथा लैंगिक मैत्री शौचालयको व्यवस्थापन र सरसफाई गर्न नसक्नु ।
१०.विद्या९लयमा दण्डहिनता मौलाईरहेको छ। शिक्षकले कक्षाकोठमा बिताउने समयमा कमी रहेको छ। राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासन तथा आचारसंहिता विपरित कार्य गर्ने शिक्षकलाई नियमानुसार दण्ड हुन नसक्नु।
११.शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाई उपलब्धिलाई जोड्न नसकिनु। शिक्षकको वृत्ति विकास अबैज्ञानिक र अपारदर्शी हुनु।
१२.विज्ञान र गणित विषयका शिक्षकको अझैपनि नगरपालिकामा अभाव रहनु ।
१३.शिक्षकहरुको पेशागत विकास तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु ।
१४.विद्यालयहरुमा सिकाई सामाग्रीहरु प्रयाप्त छैनन्। भएका विद्यालयमा समेत उपलब्ध स्रोत र सामाग्रीहरुको अधिकतम प्रयोग हुन नसक्नु।
१५.सिकाईमा सुचना र सञ्चार प्रविधिको प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको दक्ष जनशक्तिको अभाव हुनु ।
१६.विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु।
१७.विद्यालय अनुगमन निरिक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु।
१८.कतिपय विद्यालयहरुमा विद्यार्थी सङ्ख्या ज्यादै न्युन रहेको छ। समायोजन र तह घटाउने कार्य हुन नसक्नु।
१९.वर्तमान परिवर्तित पाठ्यक्रमलाई शिक्षकसामु यथोचित तवरले प्रबोधिकरण गर्ने कार्य प्रयाप्त मात्रामा हुन सकेको छैन जसले गर्दा परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाकोठामा सहि ढङ्गले प्रयोग हुन नसक्नु।
२०.पाठ्यक्रम अध्ययन गरी पठनपाठन हुनुपर्नेमा विद्यार्थीको पाठ्यपुस्तकलाई नै मुख्य आधार मानी शिक्षण भएको पाइन्छ। पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु।
२१.दक्ष जनशक्ति, स्रोत साधनको अभाव, शिक्षकमा पर्याप्त अध्ययन र खोजि गर्ने बानीको अभाव आदिले स्थानिय पाठ्यक्रमको प्रभावकारी प्रयोग हुन नसक्नु।
२२.विद्यार्थीको मूल्याङ्कनका लागि नयाँ पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तह र माध्यामिक तहमा आन्तरिक मूल्याङ्कन गर्नुपर्नेमा आन्तरिक मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण शुन्य प्राय हुनु।
२३.विद्यार्थी मूल्याङ्कनको साधन लिखित परिक्षालाई मात्र ब्रम्हाश्त्रको रुपमा प्रयोग गरिनु।



RAJAPUR EDUCATION PLAN

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय तहमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरूको संलग्नतामा प्रारम्भिक बालविकास सल्लाहकार संयन्त्रको स्थापना र सञ्चालन गरिने | बाबिके | ७० | ७० | ७० | ७० | ७० | ७० | ७० | वडा समेत स्थानीय तहको सक्रियतामा |
| ९ | प्रत्येक वडामा कम्तीमा बालविकास केन्द्रलाई नमुनाको रूपमा स्थापना गरी सञ्चालन गरिने। | वडा | ९ | √ | √ | √ | √ | ९ | ९ | वडा र स्थानीय तहको सहकार्य र सहलगानी। |
| १० | बाबू आमा दुवै नभएका बालबालिकाहरूका लागि आधारभूत आवश्यकता पूरा गर्नेगरी स्थानीय तहले अभिभावकको जिम्मेवारी निर्वाह गर्नु पर्ने | सबै अनाथ | √ | √ | √ | √ | √ | सबै अनाथ | सबै अनाथ | सङ्घसंस्था सँगको सहकार्यमा स्थानीय तहले बजेटको व्यवस्थापन सहित गर्ने। |
| ११ | कानुन र शिक्षा दुवैको माध्यमबाट अभिभावकलाई जिम्मेवार बनाउँदै घरायसी वातावरणलाई सिकाइ मैत्री बनाउन अभिभावकलाई अभिप्रेरित गर्ने। | बाविके | ७० | √ | √ | √ | √ | ७० | ७० | विकास साझेदारहरुसँगको सहकार्य र साझेदारीमा सन्ततिको समुन्नतिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| १२ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | शिक्षक | ७० | √ | √ | √ | √ | ७० | ७० | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी। |
| १३ | बाबिकेको शिक्षालाई दुई वर्षे बनाउदा थप गरिने शिक्षकको व्यवस्थापन। | शिक्षक | ७० | √ | √ | √ | √ | ७० | ७० | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी। |
| १४ | शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर प्रदान गर्ने। | शिक्षक प्रतिशत | २५ | २५ | २० | √ | √ | १४८ | १४८ | सङ्घ, प्रदेश र स्थानीय तहको लगानी। |
| १५ | प्रारम्भिक बालविकास केन्द्रमा सहयोगीको व्यवस्था | सहयोगी | ७० | ७० | ७० | ७० | ७० | ७० | ७० | वडाका साथै स्थानीय तहको लगानी |
| १६ | बालविकास केन्द्रको स्तरोन्नतिका लागि कार्यक्रमगत र शीर्षकगत रूपमा ससर्त बजेटको व्यवस्था गर्ने। | बाविके | ७० | ७० | ७० | ७० | ७० | ७० | ७० | वडाका साथै स्थानीय तहको लगानी एवम् कार्यान्वयन। |
| १७ | चाइल्ड ट्र्याकिङ गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई कोड दिई बालबालिकाको अभिलेखीकरण गर्ने। | बाविके | ७० | √ | √ | √ | √ | ७० | ७० | प्रदेशको सहजीकरण र स्थानीय तहको सहयोगमा वडा र बालविकास केन्द्रले गर्ने। |

RAJAPUR EDUCATION PLAN

१. आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु ।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।

३. विविधतासमता एवं समावेशी शिक्षाका मूल्य ,, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही तथा पुर्ण अधिकार दिई बनाउनु ।

४. समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता ,अभिवृद्धि गरी विद्यालयलाई सम्पूर्ण पक्ष मैत्री बनाउनु ।

५. विद्यालयमा कुनै पनि प्रकारको विभेददुर्व् ,यवहार हेपाई नहुने ,आधार तयार गर्नु ।

६. विभिन्न पक्षका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट शिक्षामा उनीहरुको सहभागितालाइ थप जिम्मेवारी दिई सक्रिय र अर्थपूर्ण बनाउनु ।

### ४.३.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गर्ने ।

२. लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्करणमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विकास गरी पहुँच सुनिश्चित गर्ने ।

३. विद्यालयमा दिवा खाजासहित स्वास्थ्यसरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा ,पोषण ,को प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

४. सघीय सरकारबाट खाजाको निम्ति प्राप्त हुने अपर्याप्त बजेटलाई नगरपालिकाको सहकार्यको वातावरण सिर्जना गरी पर्याप्त बजेटको व्यवस्थापन गरेर पर्याप्त र पौष्टिक अर्गानिक खाजाको व्यवस्था गर्ने ।

५. आधारभूत तहको स्थानीय पाठ्यक्रममा स्थानीय भाषासं ,स्कृति ,भूगोल ज्ञान तथा सिप समावेश ,इतिहास ,गरी सिकाइलाई जीवनोपयोगी बनाउने ।

६. गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रम अनुकुल नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने ।

७. औपचारिक विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय,गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई त्यसमा सहभागी गर्ने ।

८. सबै प्रकारका बालबालिकामा क्षमता विकास हुने गरी औपचारिक, अनौपचारिक, खुला तथा दूर शिक्षा र निरन्तर सिकाईको व्यवस्था गर्न समन्वय र साझेदारीको विकास गर्ने ।

९. सबै प्रकारका विद्यार्थीहरुलाई विभिन्न तहमा भर्ना गर्दा उनीहरुको शारीरिक, मानसिक, इन्द्रियजन्य र बौद्धिक क्षमताको लेखाजोखा गर्ने ।

१०. विशेष बालबालिकाहरुको विशेषता अनुसार विद्यालय र विश्वविद्यालयहरुमा प्राविधिक शिक्षातर्फ उनीहरुको भर्ना प्रक्रियालाई सहज बनाउन सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने ।

११. विशेष बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन सीपमा आधारित जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर व्यवस्था गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्न सङ्घ एवम् प्रदेश सरकारसँग समन्वय र साझेदारीको विकास गर्ने ।

१२. अपांगमैत्री शिक्षण सिकाइ क्रियाकलाप गर्न सूचना प्रविधिमा आधारित दक्ष मानवीय स्रोतको व्यवस्था गर्ने ।

RAJAPUR EDUCATION PLAN

- बालविकास तथा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुले पुर्ण रुपमा स्थानीय उत्पादनमा आधारित भएर पौष्टिक दिवा खाजा प्राप्त गरेका हुनेछन् ।
- यस नगरपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था भएको हुनेछ ।
- सम्मुर्ण विद्यालयमा अर्ध वार्षिक रुपमा बालबालिकाहरुको स्वास्थ्य परिक्षण भएको हुनेछ ।
- सबै विद्यालयमा पुर्ण सरसफाई तथा साबुन सहितको शौचालय भएको हुनेछ ।
- सबै माध्यामिक तथा आधारभूत तहका किशोरीहरुका निम्ति स्यानिटरी प्याडको व्यवस्था तथा सोको व्यवस्थापनका निम्ति भौतिक पुर्वाधार निर्माण भएको हुनेछ ।
- सम्पूर्ण विद्यालयमा आक्स्मिक अवस्थालाई मध्यनजर गरि First Aid Kit Box तथा आवश्यक औषधि व्यवस्थापन भएको हुनेछ तथा सोका निम्ति स्पष्ट कार्यदिशा तथा तालिम सहित एक जना फोकल शिक्षक निर्धारण भएको हुनेछ ।

RAJAPUR EDUCATION PLAN

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका न**

**विद्यालय पोषण तथा स्वास्थ्यका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वास्थ्य स्वयमसेवीकाहरुको सँगको समन्वयमा बालविकास केन्द्रका बालबालिकाहरुलाई vitamin A तथा जुकाको औषधि खुवाउने। | बालविकास केन्द्र | ७७ | ७७ | ७७ | ७७ | ७७ | ७७ | ७७ | बालविकास केन्द्र सहजकर्ता तथा स्वास्थ्य स्वयमसेवीकाहरु |
| २ | बालविकास केन्द्र तथा कक्षा १ मा भर्ना भएका बालबालिकाहरुले पुर्ण खोप प्राफत गरेको नगरेको सुनिश्चित गर्ने तथा खोप प्राप्त नगरेका बालबालिकाहरुलाई खोप प्राप्तिका निम्ति आवश्यक समन्वय गरिनेछ। | विद्यालय सामुदायिक तथा सँस्थागत | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | प्रधानाध्यापक तथा स्वास्थ्य चौकी ईन्चार्ज |
| ३ | दिवा खाजा व्यवस्थापनका निम्ति क्षमता विकास तालिमको प्रबन्ध एँव पौष्टिक खाजा सुनिश्चितताका निम्ति खाजा तालिका निर्माण गरिनेछ। | शिक्षक अभिभावक सँघ प्रतिनिधि | ० | ४२ | ० | ० | ४२ | ८४ | १२६ | प्रधानाध्यापक एँव शिक्षक अभिभावक सँघ |
| ४ | दिवा खाजा व्यवस्थापनका निम्ति उचित सामाग्रीहरुको प्रबन्ध | विद्यालय | ० | २१ | ० | ० | ० | २१ | २१ | प्रधानाध्यापक |
| ५ | शुद्ध पिउने पानीको व्यवस्थापनका निम्ति विद्यालयहरुलाई कुलिङ्ग फिल्टर सहयोग | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | २६ | ३६ | नगरपालिका शिक्षा शाखा |
| ६ | विद्यालयको पानी परिक्षण | विद्यालय | १० | १० | १० | ६ | ० | ३६ | ३६ | प्रधानाध्यापक तथा स्वास्थ्य फोकल शिक्षक |
| ७ | स्वास्थ्य सँस्था सँगको समन्वयमा अर्ध वार्षिक रुपमा बालबालिकाहरुको स्वास्थ्य परिक्षण हुने। | पटक | ७२ | ७२ | ७२ | ७२ | ७२ | ३६० | ७२० | विद्यालयय व्यवस्थापन समिति |
| ८ | नगरपालिका द्धारा विद्यालयमा हुने अनुगमनमा साबुन सहितको शौचालय | विद्यालय | ३६ | ० | ० | ० | ० | ३६ | ३६ | निरन्तर |

RAJAPUR EDUCATION PLAN

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### परिचय

प्राकृतिक प्रणाली र मानव निर्मित प्रणालीमा मानव जीवन आवद्ध छ। कतियप समय र परिस्थिति प्रतिकुल हुदाँ हाम्रो क्षमता भन्दा बाहिर हुन पुग्दछ। यसरी हाम्रो क्षमता बाहिरको घटनाले मानव जातीलाई पार्ने दुख पिडाको अवस्थालाई हामी विपद्, दैवी प्रकोप आदिको नामले चिन्ने गर्दछौं। कोभिड १९, बाढी पहिरो, भूकम्प, आगलागी, जङ्गली जीवजन्तुका कारण पुग्ने क्षति, लु, शितलहर, चट्याङ्ग, विद्युतीय दुर्घटना, सडक दुर्घटना, असिना, खडेरी, अतिवृष्टि, अनावृष्टि, हावाहुरी, बतास आदि विपद्का रुप हुन्। व्यक्तिको दैनिक जीवनयापन र समाजको सामाजिक, नियमित प्रक्रिया अवरुद्ध हुन गइ समस्या उत्पन्न हुन पुग्दछ। यस्तो बिषम अवस्थामा पनि व्यक्तिको चेतना, ज्ञान प्राप्ति भने बन्द हुँदैन। सिकारु उमेरका विद्यार्थीले सिक्नु पर्ने उमेर, दिन र समयमा सिक्ने पर्ने कुरा सिक्न पाउनु पर्ने हुन्छ। त्यसकारण बालकको समयबद्ध सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै शिक्षण संस्थालाई सुरक्षित बनाउन हरेक शिक्षक संस्थाको लेखाजोखा मूल्याङ्कन गरेर सुरक्षित विद्यालय भौतिक संरचना बनाउने, जोखिम पूर्व तयारी कार्य गर्ने आपतकालिन समयमा उद्धार राहतका कार्य गर्ने, पुन निर्माण, पुनस्थापनाका कार्य गर्ने गरी विद्यालयको क्षमता सवलीकरण गर्ने र जस्तोसुकै समयमा पनि एक हप्ता भन्दा बढी समय नियमित औपचारिक शिक्षाबाट बालबालिका बञ्चित हुनु नपर्ने गरी विद्यालय शिक्षक र विद्यार्थीहरुको सूचना र प्रविधिमा पहुँच सुनिश्चित हुने गरी वैकल्पिक सिकाइ प्रबन्ध गर्ने कार्य आपतकालीन अवस्थामा शिक्षा व्यवस्थापनको योजना अन्तर्गत पर्दछ।

यस राजापुर नगरपालिकाको विपतको रुपमा प्रत्येक बर्ष बाढी तथा डुवानको समस्या ,हावाहुरी र जङ्गी जनावरले यस राजापुर नगरपालिका व्यक्ति घर धन जनको क्षति र त्यसबाट विद्यालय तथा नियमित शिक्षामा परेको असर र कोभिड १९ का कारण २०७७ र २०७८ सालमा भएको विश्व महामारीले व्यक्तिको व्यावसायिक लगायत दैनिक जनजीवन ठप्प पार्ने गरी पारेको प्रभावका कारण विद्यालय बालबालिकाको पढाइ तथा सिकाइ परीक्षा र मूल्याङ्कनमा पारेको प्रभावहरुलाई आगामी दिनको सुधारको लागि पाठका रुपमा लिएर समयमा नै शिक्षा व्यवस्थापन हुने गरी योजना बनाउनु आजको आवश्यकता र दूरदर्शिता हुन जान्छ। आपत्कालीन निम्न ३ प्रकारका अवस्थालाई मध्यनजर गरेर राजापुर नगरपालिकाको शिक्षा योजना तथा विपद् प्रतिकार्य योजना निर्माण भै त्यसमा शिक्षाको निरन्तर प्रवाह नरोकिने प्रबन्ध प्रस्तुत आवधिक योजनामा गर्नु पर्दछ।

१. प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण कार्य
२. महामारी तथा महामारीजन्य रोग व्यवस्थापन कार्य
३. बसाइसराइको प्रभाव र असर व्यवस्थापन कार्य।

स्थानीयस्तरको सामान्य जनजीवन र शिक्षा क्षेत्रलाई बृहत रुपमा प्रभाव पार्ने सम्भावित संकटको बृहत्तर क्षेत्रहरु व्यवस्थापनमा विषयबस्तुहरुलाई मुख्य केन्द्र विन्दुमा राखेर शिक्षाको आवधिक योजना र वार्षिक नीति कार्यक्रम तथा बजेटले नगरपालिका र विद्यालय स्तरमा देहायका सबै पक्षहरुविच प्रक्रिया अपनाइ पूर्व तयारी कार्य, तत्कालीन रेस्पोन्सको कार्य र क्षतिपछिको कार्यलाई योजना बनाइ कार्यान्वयनमा प्राथमिकता दिनु पर्ने हुन्छ:

१. आपत्कालिन समयमा बाँच्ने, जोगिने, उपचार पाउने, आश्रय पाउने, शिक्षा पाउने, प्रजनन् स्वास्थ्य, सुरक्षा पाउने अधिकारको सुनिश्चितता,
२. आपत्कालिन समयमा बालबालिका, महिला, गर्भवती, अपाङ्ग बृद्ध बृद्धाहरू अग्रता हुने गरी सुनिश्चितता पाउने,
३. आपत्कालिन समयमा पिडा, प्रभाव एवम् क्षतिका आधारमा न्यायोचित व्यवस्था गर्न प्राथमिकता पाउने,
४. आपत् परेका सबैको क्षतिका आधारमा पाउने अवसर, सुरक्षा र सेवामा पहुँच सुनिश्चित गर्ने,

RAJAPUR EDUCATION PLAN

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका न**

**सुरक्षित विद्यालय र आपतकालीन अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सुरक्षित विद्यालय सम्बन्धी नीति, रणनीति र मापदण्ड निर्माण र कार्यान्वयन गरिने | सबै विद्यालय | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००% | सँघ, प्रदेश र स्थानिय तह |
| २ | सुरक्षित विद्यालय सम्बन्धी विषयलाई समावेश गरी पठनपाठन गर्न विद्यालयहरुलाई सहजीकरण गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००% | सँघ, प्रदेश, स्थानिय तह |
| ३ | नगर, वडा र विद्यालयहरुका विपतको समयमा सहयोग पुग्ने गरी विपत् व्यवस्थापन कोषको स्थापना र सञ्चालन गरिने विद्यालयको जु.रे.स यु.रे.स मा उद्धार कोष स्थापना गर्ने | नगर वडा र विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००% | नगरपालिका र विद्यालय |
| ४ | विपत्को जोखिमलाई न्यूनीकरण गर्नका लागि विद्यालयमा सुरक्षित स्थलको पहिचान गरी विद्यालय परिवार सबैलाई सोको उपयोग गर्न अभ्यस्त बनाइने | सबै विद्यालय | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | विद्यालय |
| ५ | वृहत विद्यालय सुरक्षा सम्बन्धी विद्यालयका प्र.अ. र विद्यालय सम्पर्क शिक्षकलाई तालिम प्रदान गरिने | प्र.अ र शिक्षक | ८० | ८० | ८० | ८० | ८० | ४०० | १००% | सँघ, प्रदेश, स्थानिय तह |
| ६ | सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैङ्गिक तथा सामाजिक समावेशीकरण विषयको तालिम प्याकेजको निर्माण गरी सम्पूर्ण शिक्षकहरुलाई तालिम प्रदान गने | सबै शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | सँघ ,प्रदेश ,स्थानिय तह |
| ७ | उत्थानशीताका लागि Whole school approachका आधारमा सचेतना विकास गर्नका लागि कार्मक्रममा सञ्चालन र सहयोग गरिने | सबै शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० | १००% | सँघ ,प्रदेश ,स्थानिय तह |

RAJAPUR EDUCATION PLAN

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास। | | | | | | | | र समूदाय |
| ९ | साइकल स्ट्याण्ड | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २९ | स्थानीय तह |
| १० | कम्पाउण्ड वाल | विद्यालय | ३ | ३ | ४ | ४ | ४ | १८ | ३४ | संघ, प्रदेश तथा स्थानीय तह |
| ११ | शुद्ध पिउने पानी | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | स्मार्ट टि.भी. | विद्यालय | ३ | ३ | ४ | ४ | ४ | १८ | | संघ, प्रदेश तथा स्थानीय तह |
| १३ | पक्की भवन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ५० | संघ, प्रदेश तथा स्थानीय तह |
| १४ | विद्युतीय पुस्तकालय | विद्यालय | ७ | ७ | ७ | ७ | ८ | ३६ | | संघ, प्रदेश तथा स्थानीय तह |
| १५ | विज्ञान प्रयोगशाला | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २८ | संघ, प्रदेश तथा स्थानीय तह |
| १६ | छापामय कक्षाकोठा निर्माण | विद्यालय | ११ | ११ | ११ | ११ | १२ | ५६ | | संघ, प्रदेश तथा स्थानीय तह |
| १७ | कम्प्युटर ल्याब | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २८ | संघ, प्रदेश तथा स्थानीय तह |
| १८ | छात्रा विश्राम कक्ष | विद्यालय | ५ | ५ | ५ | ५ | ६ | २६ | | संघ, प्रदेश तथा स्थानीय तह |
| १९ | छात्राछात्र शौचालय निर्माण | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | ३६ | संघ, प्रदेश तथा स्थानीय तह |
| २० | फर्निचर | विद्यालय | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० | संघ, प्रदेश तथा स्थानीय तह |
| २१ | हरित विद्यालय | विद्यालय | ५ | ६ | | | | ११ | | संघ, प्रदेश तथा स्थानीय |

RAJAPUR EDUCATION PLAN

वटा मधेश प्रदेशमा, १५३ वटा गण्डकीमा, ९५ वटा सुदुरपश्चिममा र ६४ वटा कर्णाली प्रदेशमा अवस्थित छन । उल्लेखित उच्च शिक्षा प्रदायक क्याम्पसहरू मध्ये क्रमश आंगिक क्याम्पसमा २,१७,१२१ जना, सामुदायिकमा १,७३,५५६ र निजी क्याम्पस/संस्थाहरूमा १,८८,७७१ गरी जम्मा ५,७९,४४८ जना विद्यार्थीहरू अध्ययनरत छन्।

लुम्बिनी प्रदेशको हकमा तथ्याङ्कले प्रस्तुत गरे अनुसार २० वटा आंशिक क्याम्पसहरू, ८६ वटा सामुदायिक र ७९ वटा निजी क्याम्पस गरी जम्मा १८५ (१२.७१%) क्याम्पसहरू संचालनमा छन्। जसमध्ये १६६ वटा क्याम्पसहरूमा स्नातक तहसम्मको अध्ययन अध्यापन भइरहेका छन् भने ३७ वटा क्याम्पसहरूमा स्नातकोत्तर तहका कक्षाहरू संचालन भइरहेका छन् । लैङ्गिक आधारमा विद्यार्थी सङ्ख्या हेर्ने हो भने छात्र सङ्ख्या २९३६८ छ भने छात्राहरूको सङ्ख्या ४७४९५ गरी जम्मा ७६८६१ जना विद्यार्थी छ। यसैगरी तहगत आधारमा हेर्ने हो भने स्नातक तहमा ७०६५९ जना र स्नातकोत्तर तहमा ६२०४ जना छन् । विश्वविद्यालय अनुसारको तथ्याङ्कलाई हेर्दा सबै भन्दा बढि त्रिभुवन विश्वविद्यालय सम्बन्धन प्राप्त उच्च शिक्षा प्रदायक संस्थाहरूमा (६६१६३ जना) देखिन्छ भने सबै भन्दा कम कृषी विज्ञान संस्थान (२९२ जना) देखिन्छ ।

बर्दिया जिल्लामा १ वटा आंगिक र ९ वटा सामुदायिक गरि जम्मा १० वटा क्याम्पसहरू सञ्चालनमा छन् भने सामुदायिक क्याम्पसहरू मा ३८९१ जना विद्यार्थीहरू अध्ययनरत छन्

राजापुर नगरपालिकामा उच्च शिक्षाको रूपमा एक मात्र क्याम्पस अमर शहीद बहुमुखी क्याम्पस रहेको छ। यो क्याम्पस यस क्षेत्रका जनताहरूको अथक प्रयास र लगनले स्थापित भएको गैरनाफामुखी सामुदायिक क्याम्पस हो । आर्थिक रूपले विपन्न तथा बाहिर गएर पढन नसक्ने विद्यार्थीहरूको लागि यो क्याम्पस वरदान सावित भऐको छ। ८०% भन्दा बढि छात्रा अध्ययन गरिरहेका यो क्याम्पस उच्च शिक्षाका धरोहरको रूपमा सावित भएको छ भने समाज विकास तथा सामाजिक परिवर्तनमा निकै नै ठुलो टेवा पुर्याएको देखिन्छ। यस क्याम्पसमा स्नातक तहमा शिक्षाशास्त्र संकाय, वाणिज्य संकाय र मानविकी संकाय गरी तीनवटा संकायहरू संचालनमा छन भने स्नातकोत्तर तहमा शिक्षाशास्त्र संकायमा नेपाली शिक्षाको सम्बन्धन प्राप्त गरेको छ यद्यपी फिडर क्याम्पसहरूको अभावले गर्दा विद्यार्थी नहुनु र भए पनि स्नातकोत्तर तहको लागि शहर बजारतिर नै अध्ययन गर्न जाने प्रवृतिले स्नातकोत्तर तह संचालन गर्न कठिन परेको अवस्था देखिन्छ। हाल यस क्याम्पसमा तीनवटै संकायमा जम्मा ७९७ विद्यार्थीहरू अध्ययनरत छन् भने जसमध्ये छात्राहरूको सङ्ख्या ५७० रहेको छ जुन जम्मा सङ्ख्याको ७१.६९ प्रतिशत हो।

### चुनौति र अवसर

पालिकामा एउटा मात्र उच्च शिक्षाको धरोहरको रूपमा रहेको अमर शहीद बहुमुखी क्याम्पस, व्यवस्थापनमा स्थानीय जनसमुदायको सकारात्मक भुमिका, संघ, प्रदेश, स्थानीय सरकारको आर्थिक सहयोग, मौलिक कला-संस्कृति, भेषभुषाले सम्पन्न समुदाय, कृषि तथा अन्य प्राविधिक शिक्षाका लागि उपयुक्त भौगोलिक वातावरण, छिमेकी जिल्ला तथा नगरपालिकाहरूमा तल्लो तहमा कृषी तथा अन्य प्रविधिक विषयहरूको अध्यापन, यस पालिकाका समुदायका छात्रछात्राहरूको उच्च शिक्षा अध्यन गर्न सहज तुल्याउनका लागि नगर प्रमुख उच्च शिक्षा छात्रवृति वितरण कार्यक्रमको नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम लागु गर्नु जस्तालाई अवसरको रूपमा लिन सकिन्छ।

उच्च शिक्षामा शैक्षिक गुणस्तरियता, उच्च शिक्षालाई स्थानीय सरकारको मातहातमा नहुनु, प्रदेश तथा संघ सरकारले पनि यसलाई प्राथमिकता नदिनु, उच्च शिक्षा सम्बन्धि नीतिगत समस्या देखिनु, भौतिक पूर्वाधार विकास, नियमित आय स्रोत, सूचना तथा संचार प्रविधिको पहुच, आर्थिक लगानीको सुनिश्चितता तथा प्रवर्धन, दक्ष तथा योग्य जनशक्ति, पूर्णकालिन शिक्षक, उचित पुस्तकालय, प्राविधिक तथा व्यवसायिक विषयका पठनपाठन, समयानुकुल गुणस्तर शिक्षा, साधारण विषयको मात्र अध्ययन अध्यापन, विषयगत अनुसन्धान, विद्यार्थीहरूले बिचमै अध्ययन कार्य छोड्नु लगायत विभिन्न चुनौतीहरू छन् ।

RAJAPUR EDUCATION PLAN

**५.२.२ उद्देश्य**

यस योजनाको उच्च शिक्षालाई गुणस्तर, वैज्ञानिक, अनुसन्धानमुखी, प्रतिस्पर्धि, रोजगारमूलक र क्षमतावान जनशक्ति उत्पादन, स्वाबलम्बि, उत्पादनमुखी तथा सबैको सहज पहुँच बनाई नगरपालिका र समग्र मुलुकको निम्ति अब्वल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ भने यस अन्तर्गतका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

- उच्च शिक्षामा नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्च शिक्षालाई गुणस्तर, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक प्रविधिमैत्री, रोजगारमूलक दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न योगदान गर्नु ।
- उच्च शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित गर्नु।
- नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, क्षमतावान, उपयोगी, गुणस्तरीय एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गरी नगरपालिकाको सम्पूर्ण विकासमा योगदान गर्न उपयुक्त वातावरणको सिर्जना गर्न अभिप्रेरित गर्नु।
- उच्च शिक्षामा कार्यरत शिक्षकहरूलाई अनुसन्धान गर्न प्रेरित गर्नु।
- नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति प्रदान गरी छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूलाई नगरपालिका मातहातमा रहेका सरकारी विद्यालय तथा अन्य सरकारी संघ-संस्थाहरूमा अनुभव प्राप्् गर्न वा जनशक्ति अपुग भएको संस्थामा सहयोग गर्न खटनपाटन गर्नु।
- उच्च शिक्षा नीति २०७६ ले अबलम्बन गरेका पढ्दै कामउदैको धारणालाई सफल पार्नका लागि वातावरण तयार गर्नु।
- उच्च शिक्षा प्रदायक संस्थाहरूको आवश्यक्ता अनुसार छात्रावास लगायत अन्य भौतिक संरचना विस्तार गर्दै नगरपालिकाको सहयोगमा संचालन गर्न मद्दत गर्नु।
- यस नगरपालिका भित्र स्थायी रूपमा बसोबास गर्ने लक्षित तथा विपन्न बर्गका विद्यार्थीहरूको उच्च शिक्षामा सहज पहुचका लागि उच्च शिक्षा छात्रवृति कार्यक्रम संचालन गर्नु।
- स्नातक तथा स्नातकोत्तर तहमा साधारण तथा कृषि विज्ञान, वन विज्ञान लगायत विश्वविद्यालयद्वारा संचालित अन्य प्राविधिक तथा साधारण विषयहरू थप गरी संचालन गर्न सहयोग गर्नु।
- उच्च शिक्षालाई स्थानीय तहमा उपलब्ध भएका सिप विकास कार्य ,कृषि फर्म ,कारखाना-कल ,व्यवसायविभिन्न , बैङ्किङ क्षेत्रहरूसित जोडी रोजगारी सृजना गरी उच्च शिक्षालाई आय आर्जनसित ,सरकारी गैरसरकारी कार्यालय जोड्नु।

**५.२.३ रणनीतिहरु**

- प्राविधिक धार सञ्चालन भएका माध्यामिक विद्यालयहरुको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा नगरपालिकामा रहेका माध्यामिक विद्यालयहरुमा प्राविधिक विषयहरुको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन गर्ने।
- नगरपालिकामा संचालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थामा समतामुलक पहुँच गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजिकरण गर्ने।
- नगरपालिका भित्रका उच्च शिक्षा प्रदायक संस्थालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचनाको आधारको रूपमा स्थापित गर्नका लागि यस पालिका भित्रका मौलिक संस्कृति, भेष भुषा जडिबुटी, व्यवसायलाई उच्च शिक्षासित जोडने ।

RAJAPUR EDUCATION PLAN

- नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति तयार गर्न उच्च शिक्षाका कार्यक्रमलाई अगाडि बढाउने ।
- नगरपालिका भित्रका उच्च शिक्षा हासिल गरेका अब्बल जनशक्तिलाई नगरपालिकाको उन्नतिमा योगदान गर्न विभिन्न किसिमका कार्यक्रम संचालन गरिनेछ र तिनीहरूको क्षमता अनुसारले गर्न सक्ने काम गर्न अभिप्रेरित गर्ने ।
- नगरपालिकाको सहयोगबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकाकै काम गर्नका लागि आकर्षित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरी विविध सम्मान र प्रोत्सहानका कार्यक्रमहरू संचालन गर्ने ।
- यस पालिका अन्तरगत उच्च शिक्षामा अध्यापनरत शिक्षकहरूलाई अनुसन्धान कार्यमा सहयोग गर्नका लागि अभिप्ररित गर्न उचित बजेटको व्यवस्थापन गर्ने ।
- यस क्षेत्र भित्र रहेका समस्याहरूलाई अनुसन्धान गरी सोको निराकरण गर्न यहाँका उच्च प्रदायक शिक्षकहरूलाई जिम्मेवारी दिने तथा अनुसन्धनात्मक, खोजमुलक जर्नल प्रकाशन गर्न सहयोग गर्ने ।
- उच्च शिक्षामा कर्यरत शिक्षकहरूको अनुसन्धानमा क्षमता अभिवृद्धि गर्न अनुसन्धानात्मक क्षमता विकास तालिम प्रदान गर्न प्रदेश तथा संघ सरकारसित समन्वय गरी कार्यक्रम संचालन गर्ने ।
- शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि अनुसन्धान हबको रूपमा विकास गर्न उच्च शिक्षा प्रदायक संस्थाहरूलाई अभिप्रेरित गर्ने ।
- नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेका प्राविधिकधार वा साधारण शिक्षाका विद्यार्थीहरूलाई कम्तिमा एक महिनादेखि छ महिनासम्म यस नगरपालिका अन्तरगतका संघ-संस्थाहरूमा निशुल्क वा स-शुल्क सेवा गर्न अभिप्रेरित गर्ने ।
- नगर प्रमुख उच्च शिक्षा प्राप्त गरी अध्ययन गरेका विद्यार्थीहरूलाई नगरपालिकाले आवश्यक परेका जुनसुकै बेला वा जुनसुकै संस्थामा तिनीहरूको योग्यत र दक्षता अनुसार कामकाजमा खटाउन प्रबन्ध मिलाउने ।
- राष्ट्रको उच्च शिक्षा नीति २०७६ को पढ्दै कमाउदै भन्ने नारालाई सफल पार्नका लागि यस पालिका अन्तरगत रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूबाट अब्बल विद्यार्थीहरूलाई छनौट गरी विभिन्न संघ-संस्थाहरू सित समन्वय गर्ने र सोही अनुसार वातावरण तयार गर्ने ।
- पढ्दै कमाउदैको धारणालाई मुर्त रूप दिनका लागि पढ्दै कामाउदै कार्यक्रम समन्वय केन्द्रको स्थापना गरी पढिरहेका विद्यार्थीहरूलाई आंशिक वा पूर्ण रूपमा रोजगरी सृजना गर्ने ।
- उच्च शिक्षालाई कमाउदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आवद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने ।
- उच्च शिक्षा प्रदायक संस्थाहरूको भौतिक पूर्वाधार विकासका छात्रबास, शौचालय, पुस्तकालय, खानेपानी, कक्षाकोठा तथा अन्य संरचना निर्माणका लागि बजेट विनियोजन गर्ने र प्रदेश तथा संघ सरकारसित समन्वय गरी भौतिक संरचना निर्माण गर्न पहल गर्ने ।
- नगरपालिका भित्र पर्ने उच्च शिक्षा प्रदायक संस्थाहरूको संचालनका लागि नगरपालिकाद्वारा बजेट विनियोजना गर्ने ।
- यस पालिकाको उच्च शिक्षा प्रदायक संस्थाको भौतिक पूर्वाधार निर्माण तथा प्रशासनिक संचालनका लागि प्रदेश तथा संघ सरकारसित समन्वय गर्ने ।
- यस पालिका अन्तरगत पर्ने उच्च शिक्षा प्रदायक संस्थामा अध्ययनरत टाढ-टाढा बाट अध्ययन गर्न आउने विद्यार्थीहरूला लागि छात्रबास निर्माण गर्न बजेट विनियोजन गर्ने ।
- यस पालिका अन्तरगत पर्ने उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रबास निर्माण गर्नका प्रदेश तथा संघ सरकार सित समन्वय गरी जमिन खरिद गर्ने ।

RAJAPUR EDUCATION PLAN

- मुक्त कमलहरी, मुक्त कमैया महिला, मुश्लिम महिला, दलित, द्वण्दपिडित, सहिद तथा घाइते परिवार विद्यार्थी, जनजाति, विपन्न, लोपोन्मुख वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा सहज पहुचका लागि उच्च शिक्षा छात्रवृति प्रदान गर्न प्रदेश तथा संघिय सरकारसित समन्वय गर्ने ।
- नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति अन्तर्गत लक्षित वर्गलाई प्राथमिकतामा राखी छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने ।
- नगर प्रमुख उच्च शिक्षा कार्यक्रम अन्तर्गत नगरपालिकाले तयार गरेको राजापुर नगरपालिका छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि २०८० लाई प्रभावकारी तरिकाले कार्यन्वयन गर्ने ।
- यस पालिकाका उच्च शिक्षामा अध्ययनरत लक्षित वर्ग तथा विपन्न अन्तर्गत पर्ने प्राविधिक धारका विद्यार्थीहरूको अध्ययन पुरा गर्नका लागि वार्षिक रूपमा तिनीहरूको प्रगतिका आधारमा छात्रवृत्ति रकम उपलब्ध गर्ने ।
- यस पालिका भित्र रहेका उच्च शिक्षा प्रदायक संस्थामा स्नातक तथा स्नातकोत्तर तह संचालन गर्नका लागि प्रदेश तथा संघिय सरकार सित संमन्वय गरी बजेटको व्यवस्थापन गर्ने ।
- यस पालिका अन्तर्गत रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूमा स्नातक तथा स्नातकोत्तर तहमा कृषि विज्ञान, वन विज्ञान लगायत विश्वविद्यालय र सि.टि.इ.भि.टि द्वारा संचालित अन्य प्राविधिक विषयहरूमा कार्यक्रम थप गर्न सहयोग गर्ने ।
- यस पालिका भित्रका रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको क्षमता विकासका साथै रोजगारी सृजना गर्नाका लागि स्थानीय स्तरमा उपलब्ध भएका कल-कारखाना, कृषि फर्म, सरकारी तथा गैरसरकारी र बैकिङ्ग क्षेत्रहरूसित समन्वय गर्ने ।
- उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई रोजगारी प्रदान गर्नका लागि रोजगारी सम्पर्क बैङ्कको स्थापना गर्ने ।
- उच्च शिक्षा अन्तर्गत साधारण विषयमा शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूलाई विशेष ध्यानमा राखी उनिहरूको क्षमता तथा स्थानीय स्तरमा उपलब्ध भएका वस्तुहरूको प्रयोग गरी निर्माण गर्न सकिने खालको वस्तु वा सेवा उत्पादन गर्ने र बाजारिकरणको लागि व्यवस्थापन गर्न प्रबन्ध मिलाउने ।
- उच्च शिक्षालाई आय आर्जनसित जोड्न सोही तहका विद्यार्थीहरूका लागि विभिन्न किसिमका तालिमहरू संचालन गर्ने र आवश्यक सामाग्री उपलब्ध गराउने ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि (Outcomes)**

नगरपालिकामा सञ्चालन भएको उच्च शिक्षाको कार्यक्रमबाट क्षमतावान, अब्बल, नैतिकवान, र मातृभूमीप्रति उच्च सम्मान भाव भएको जनशक्ति मार्फत नगरपालिका लगायत प्रदेश र मुलुककै समृद्धिका लागि उच्च योगदान पुगेको हुने ।

**ख) प्रमुख नतिजाहरू (Key results)**

१) उच्च शिक्षामा नगर र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था भएको हुने।
२) पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउन योगदान भएको हुने ।
३) उच्च शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रूपमा स्थापित भएको हुने ।
४) नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेत्तृवदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन भएको हुने ।

RAJAPUR EDUCATION PLAN

५) उच्च शिक्षा हासिल गरेका क्षमतावान जनशक्तिलाई नगरपालिकाको सम्पूर्ण विकासमा योगदान गर्न उपयुक्त वातावरणको सिर्जना गरी अभिप्रेरित भएको हुने ।

६) उच्च शिक्षामा कार्यरत शिक्षकहरूलाई अनुसन्धान गर्न प्रेरित भएका हुने ।

७) नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति प्रदान गरी छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूलाई नगरपालिका मातहातमा रहेका सरकारी विद्यालय तथा अन्य सरकारी संघ-संस्थाहरूमा अनुभव प्राप्् गर्न वा जनशक्ति अपुग भएको संस्थामा सहयोग गर्न खटनपाटन भएका हुने ।

८) उच्च शिक्षा नीति २०७६ ले अबलम्बन गरेका कामउदै पढ्दैको धारणालाई सफल पार्नका लागि वातावरण तयार भएको हुने ।

९) उच्च शिक्षा प्रदायक संस्थाहरूको आवश्यक्ता अनुसार भौतिक संरचना विस्तार भएको हुने ।

१०)टाढाबाट आउन जान कठिन परेका विद्यार्थीहरूलागि छात्रबासको व्यवस्था भएको हुने ।

११)उच्च शिक्षालाई नगरपालिकाको सहयोगमा संचालन गर्न मद्दत गरेको हुने ।

१२)मुक्त कमलहरी, मुक्त कमैया महिला, मुश्लिम महिला, दलित, द्वण्दपिडित, सहिद तथा घाइते परिवार विद्यार्थी, जनजाति, विपन्न, लोपोन्मुख वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा सहज पहुचका लागि उच्च शिक्षा छात्रवृति कार्यक्रम संचालन भएको हुने ।

१३)स्नातक तथा स्नातकोत्तर तहमा कृषि विज्ञान, वन विज्ञान लगायत विश्वविद्यालयद्वारा संचालित अन्य प्राविधिक विषयहरू थप गरी संचालन भएको हुने ।

१४)स्नातकोत्तर तह संचालन गर्न सहयोग भएको हुने ।

१५)नगरपालिका भित्र रहेका उच्च शिक्षामा अध्ययनरत विद्यार्थी लगायत बाहिर प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध भएको हुने ।

१६)उच्च शिक्षालाई स्थानीय तहमा उपलब्ध भएका सिप विकास कार्य, कल-कारखाना, कृषि फर्म, व्यवसाय, विभिन्न सरकारी गैरसरकारी कार्यालय, बैङ्किङ क्षेत्रहरूसित जोडी रोजगारी सृजना भएको हुने ।

१७)स्थानीय तहमा उच्च शिक्षा पहुँचमा अभिवृद्धि तथा विस्तार भएको हुने ।

१८)माध्यामिक शिक्षाको उच्च शिक्षासंग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च प्रदायक संस्थाको विकास र संचालन गर्नमा भुमिका निर्वाह भएको हुने ।

१९)उच्च शिक्षालाई आय आर्जनसित जोडिएको हुने ।

RAJAPUR EDUCATION PLAN

### ५.२.५ प्रमुख क्रियाकलापहरू  तथा लक्ष्य

**१.  तालिका ३.५ :  उच्च शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य(पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्षे | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा नगरपालिकामा रहेका माध्यामिक विद्यालयहरुमा प्राविधिक विषयहरुको अध्ययन अध्यापन गुणस्तरीय किसिमबाट सञ्चालन। | माध्यामिक विद्यालय | १ | २ | | | | ३ | ३ | संघ र प्रदेश सरकारसित समन्वय गरी संचालन गरिने |
| २ | प्राविधिक धार सञ्चालन भएका माध्यामिक विद्यालयहरुको सङ्ख्या र गुणस्तरमा अभिवृद्धिका साथै पाठ्यक्रमलाई समेत सान्दर्भिक बनाई कार्यान्वयन गर्ने तर्फ संघ र प्रदेश सरकारसँग सहकार्य। | पटक | १ | १ | | | | २ | ४ | संघ र प्रदेश सरकारसित सहकार्य |
| | | कार्यान्वयन निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | |
| ३ | नगरपालिकामा संचालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थामा समतामुलक पहुँच गुणस्तर अभिवृद्धि। | उच्च शिक्षा | १ | | | | | १ | १ | संघ र प्रदेश सरकारसित सहकार्य गर्ने |
| ४ | नगरपालिका भित्रका उच्च शिक्षा प्रदायक संस्थालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचनाको आधारको रूपमा स्थापना,  मौलिक संस्कृति, भेष भुषा जडिबुटी, व्यवसायलाई उच्च शिक्षासित जोड्ने। | पटक<br>कार्यान्वयन निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| ५ | नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति तयार गर्न कार्यक्रम संचालन। | कार्यान्वयन निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित समन्वय र सहकार्य |
| ६ | शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि अनुसन्धान हबको रूपमा विकास गर्न उच्च शिक्षा प्रदायक संस्थाहरूलाई अभिप्रेरित गर्न कार्यक्रम। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेश सरकारसित समन्वय गरी कार्यक्रम संचालन गरिने। |

RAJAPUR EDUCATION PLAN

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | नगरपालिका भित्रका उच्च शिक्षा हासिल गरेका अब्बल जनशक्तिलाई नगरपालिकाको उन्नतिमा योगदान गर्न विभिन्न किसिमका कार्यक्रम संचालन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकार सित समन्वय गरी कार्यक्रम संचालन गरिने। |
| ८ | नगरपालिकाको सहयोगबाट उत्पादित उच्च शिक्षाको अब्बल जनशक्तिलाई नगरपालिकाकै काम गर्नका लागि आकर्षित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित सहकार्य |
| ९ | नगरपालिका अन्तर्गत उच्च शिक्षामा अध्यापनरत शिक्षकहरूलाई अनुसन्धान कार्यमा सहयोग गर्न बजेट व्यवस्थान | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित समन्वय गरिने |
| १० | यस क्षेत्र भित्र रहेका समस्याहरूलाई अनुसन्धान गरी सोको निराकरण गर्न यहाँका उच्च प्रदायक शिक्षकहरूलाई जिम्मेवारी दिने तथा अनुसन्धनात्मक, खोजमुलक जर्नल प्रकाशन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र प्रदेश सरकारसित सहकार्य गरिने |
| ११ | उच्च शिक्षामा कर्यरत शिक्षकहरूको अनुसन्धानमा क्षमता अभिवृद्धि गर्न अनुसन्धानात्मक क्षमता विकास तालिम प्रदान गर्न प्रदेश तथा संघ सरकारसित समन्वय गरी कार्यक्रम संचालन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| १२ | नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेका प्राविधिकधार वा साधारण शिक्षाका विद्यार्थीहरूलाई कम्तिमा एक महिनादेखि छ महिनासम्म यस नगरपालिका अन्तरगतका संघ-संस्थाहरूमा निशुल्क वा स-शुल्क सेवा कार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिकाद्वारा संचालन गरिने |
| १३ | राष्ट्रको उच्च शिक्षा नीति २०७६ को कमाउदै पढ्दै भन्ने नारालाई सफल पार्नका लागि यस पालिका अन्तर्गत रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूबाट अब्बल विद्यार्थीहरूलाई छनौट गरी विभिन्न संघ-संस्थाहरू सित समन्वयमा काममा पठाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिकाले अन्य संगसंस्थासित समन्वय गरी पठाइने |
| १४ | पढ्दै कमाउदैको धारणालाई मुर्त रूप दिनका लागि पढ्दै कामाउदै कार्यक्रम समन्वय केन्द्रको स्थापना | पटक | १ | | | | | १ | १ | संघ र प्रदेश सरकारसित सहकार्य समन्वय |
| १५ | उच्च शिक्षालाई कमाउदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आवद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश सरकारसित समन्वय |

RAJAPUR EDUCATION PLAN

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | उच्च शिक्षा प्रदायक संस्थाहरूको भौतिक पूर्वाधार विकासका छात्रबास, शौचालय, पुस्तकालय, खानेपानी, कक्षाकोठा तथा अन्य संरचना निर्माणका लागि बजेट विनियोजन गर्ने र प्रदेश तथा संघ सरकारसित समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित सहकार्य |
| १७ | नगरपालिका भित्र पर्ने उच्च शिक्षा प्रदायक संस्थाहरूको संचालनका लागि नगरपालिकाद्वारा बजेट विनियोजन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| १८ | मुक्त कमलहरी, मुक्त कमैया महिला, मुश्लिम महिला, दलित, द्वण्दपिडित, सहिद तथा घाइते परिवार विद्यार्थी, जनजाति, विपन्न, लोपोन्मुख वर्गका विद्यार्थीहरूको उच्च शिक्षामा सहज पहुचका लागि उच्च शिक्षा छात्रवृति प्रदान गर्न प्रदेश तथा संघिय सरकारसित समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित समन्वय |
| १९ | नगर प्रमुख उच्च शिक्षा छात्रवृत्ति अन्तरगत लक्षित वर्गलाई प्राथमिकतामा राखी छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| २० | उच्च शिक्षा प्रदायक संस्थाहरूमा स्नातक तथा स्नातकोत्तर तहमा कृषि विज्ञान, वन विज्ञान लगायत विश्वविद्यालय र सि.टि.इ.भि.टि द्वारा संचालित अन्य प्राविधिक विषयहरूमा कार्यक्रम थप गर्न सहयोग | कृषि विज्ञान, वन विज्ञान | १ | | | | | १ | १ | विश्वविद्यालय, सि.टि.इ.भि.टि संघ, प्रदेश सरकारसित समन्वय |
| | | सि.टि.इ.भि.टी प्राविधिक | | १ | | | | १ | १ | |
| २१ | उच्च शिक्षा प्रदायक संस्थामा स्नातकोत्तर तह संचालन गर्नका लागि संघ तथा प्रदेश सरकारसित बजेटको व्यवस्थापन समन्वय | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | विश्वविद्यालय, संघ, प्रदेश सरकारसित सहकार्यमा |
| २२ | नगर प्रमुख उच्च शिक्षा कार्यक्रम अन्तर्गत नगरपालिकाले तयार गरेको राजापुर नगरपालिका छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि २०८० लाई प्रभावकारी तरिकाले कार्यन्वयन | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | नगरपालिका |
| २३ | उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई रोजगारी प्रदान गर्नका लागि रोजगारी सम्पर्क बैङ्कको स्थापना | पटक | १ | | | | | १ | १ | नगरपालिका |
| २४ | उच्च शिक्षा अन्तरगत साधारण शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूलाई विशेष ध्यानमा राखी उनिहरूको क्षमता तथा स्थानीय स्तरमा उपलब्ध भएका वस्तुहरूको प्रयोग गरी निर्माण गर्न सकिने खालको वस्तु वा सेवा उत्पादन गर्ने र बाजारिकरणको लागि व्यवस्थापन। | निरन्तर | √ | √ | √ | √ | √ | √ | √ | संघ र प्रदेश सरकारसित सहकार्यमा |

RAJAPUR EDUCATION PLAN

कुरा अनुमान गरिएको छ । संघीय सरकारले अन्तरराष्ट्रियस्तरमा गरिएको प्रतिबद्धता अनुसार योजनाको पहिलो पाँच वर्षसम्म हालको कुल बजेटको शिक्षाको अंश सरदर ११ प्रतिसतबाट बढेर १५ प्रतिसत हुने अनुमान गरिएको छ । यसका अतिरिक्त प्रदेश सरकारबाट प्राप्त हुने बजेटलाई पनि त्यही अनुपातमा बृद्धि हुने अनुमान गरी तलको तालिकामा समावेश गरिएको छ । विशेषत उच्च शिक्षामा गरिएको बजेटको अधिकांश हिस्सा प्रदेश सरकाबाट लगानी हुने अपेक्षा गरिएको छ  र प्रदेशबाट पालिकाका लागि विनियोजन हुने बजेट पालिकाको आवश्यकता र मागको आधारमा हुने गरी बिनियोजन गर्ने सवालमा समन्वय र सहकार्य गरिने  अनुमान गरिएको छ । उल्लिखित मान्यता र अनुमानका आधारमा राजापुर नगरपालिकाको शिक्षा तर्फको बजेट तलको तालिकामा प्रस्तुत गरिएको छ।

**सङ्घीय सरकार बाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट रु हजारमा**

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 21000 | 22050 | 23594 | 25717 | 28803 | 121163 |
| २ | आधारभूत शिक्षा | 151809 | 159399 | 170557 | 185908 | 208216 | 875890 |
| ३ | माध्यमिक शिक्षा | 30552 | 32080 | 34325 | 37414 | 41904 | 176275 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 2500 | 2625 | 2809 | 3062 | 3429 | 14424 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 1400 | 1470 | 1573 | 1714 | 1920 | 8078 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 12029 | 12630 | 13515 | 14731 | 16499 | 69404 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 3550 | 3728 | 3988 | 4347 | 4869 | 20482 |
| ९ | शिक्षामा समता र समावेशीकरण | 310 | 326 | 348 | 380 | 425 | 1789 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 23000 | 24150 | 25841 | 28166 | 31546 | 132703 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 500 | 525 | 562 | 612 | 686 | 2885 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 8000 | 8400 | 8988 | 9797 | 10973 | 46157 |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 450 | 473 | 506 | 551 | 617 | 2596 |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 1500 | 1575 | 1685 | 1837 | 2057 | 8655 |

RAJAPUR EDUCATION PLAN

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 150 | 158 | 169 | 184 | 206 | 865 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 500 | 525 | 562 | 612 | 686 | 2885 |
| **जम्मा** | | **257250** | **270113** | **289020** | **315032** | **352836** | **1484251** |

**प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 500 | 575 | 690 | 841.8 | 1052.25 | 3659.05 |
| २ | आधारभूत शिक्षा | 2500 | 2875 | 3450 | 4209 | 5261.25 | 18295.25 |
| ३ | माध्यमिक शिक्षा | 2000 | 2300 | 2760 | 3367.2 | 4209 | 14636.2 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 500 | 575 | 690 | 841.8 | 1052.25 | 3659.05 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 500 | 575 | 690 | 841.8 | 1052.25 | 3659.05 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 650 | 747.5 | 897 | 1094.34 | 1367.925 | 4756.765 |
| ९ | शिक्षामा समता र समावेशीकरण | 800 | 920 | 1104 | 1346.88 | 1683.6 | 5854.48 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0 | 0 | 0 | 0 | 0 | 0 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 500 | 575 | 690 | 841.8 | 1052.25 | 3659.05 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 8000 | 9200 | 11040 | 13468.8 | 16836 | 58544.8 |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 300 | 345 | 414 | 505.08 | 631.35 | 2195.43 |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 300 | 345 | 414 | 505.08 | 631.35 | 2195.43 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 450.0 | 461.25 | 475.09 | 494.09 | 518.80 | 2399.22 |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 200.00 | 205.00 | 211.15 | 219.60 | 230.58 | 1066.32 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 200.00 | 205.00 | 211.15 | 219.60 | 230.58 | 1066.32 |
| **जम्मा** | | 189864.50 | 194611.11 | 200449.45 | 208467.42 | 218890.79 | 1012283.28 |

**अन्य संघसस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| **क्र.स** | **अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय** | **आर्थिक बर्ष** | | | | | **५ बर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|
| | | **२०८१।०८२** | **२०८२।०८३** | **२०८३।०८४** | **२०८४।०८५** | **२०८५।०८६** | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 1000.00 | 1100 | 1210 | 1331 | 1464.1 | 6105.1 |
| २ | आधारभूत शिक्षा | 2000.00 | 2200 | 2420 | 2662 | 2928.2 | 12210.2 |
| ३ | माध्यमिक शिक्षा | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 2500.0 | 2750 | 3025 | 3327.5 | 3660.25 | 15262.8 |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 400.00 | 440 | 484 | 532.4 | 585.64 | 2442.04 |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 1200.00 | 1320 | 1452 | 1597.2 | 1756.92 | 7326.12 |
| ९ | शिक्षामा समता र समावेशीकरण | 400.00 | 440 | 484 | 532.4 | 585.64 | 2442.04 |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | 0.0 | 0 | 0 | 0 | 0 | 0 |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 1200.0 | 1320 | 1452 | 1597.2 | 1756.92 | 7326.12 |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 1000.00 | 1100 | 1210 | 1331 | 1464.1 | 6105.1 |

RAJAPUR EDUCATION PLAN

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 350.0 | 385 | 423.5 | 465.85 | 512.435 | 2136.79 |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0.0 | 0 | 0 | 0 | 0 | 0 |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | 0.00 | 0 | 0 | 0 | 0 | 0 |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 50.00 | 55 | 60.5 | 66.55 | 73.205 | 305.255 |
| **जम्मा** | | 10100 | 11110 | 12221 | 13443.1 | 14787.41 | 61661.5 |

बजेट अनुमान गर्दा संघीय सरकारले शिक्षाका विभिन्न उपक्षेत्रहरुलाई हालसम्म विनियोजन गर्दै आएको बजेट अनुमानलाई समेत मध्यनजर राखिएको छ।

## ७.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

माथि उल्लेखित तीन तहका सरकार तथा विभिन्न सँघ सँस्थाको अनुमानित बजेटको आधारमा भन्नु पर्दा राजापुर नगरपालिकाले आगामी ५ वर्षको शिक्षा क्षेत्रको बजेटको अनुमान **२ अरब ६८ करोड ४ लाख ८ हजार २१५ रुपैया** अनुमान गरिएको छ। यसरी बजेटको अनुमान गर्दा नगरपालिकाको शिक्षाको बजेटमै समावेश गर्न मिल्ने गरी सङ्घीय सरकार र प्रदेशसरकारबाट कुल बजेटको ५९.९३ प्रतिसत, नगरपालिका कुल बजेटको ३७.७६ प्रतिसत बजेट तथा सँघ सँस्था मार्फत कुल बजेटको २.३० प्रतिसत बजेट प्राप्त हुने कुरा अनुमान गरिएको छ। यसरी गरिएको बजेटको व्ययको अनुमानलाई उपक्षेत्रगत तथा अन्तरसम्बन्धित विषयगत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ।

| **उपक्षेत्र / विषय** | **आर्थिक वर्षगत रूपमा बजेट अनुमान** | | | | | **पाँच वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|
| | आ.व ८१/०८२ | आ.व ८२/०८३ | आ.व ८३/०८४ | आ.व ८४/०८५ | आ.व ८५/०८६ | |
| प्रारम्भिक बालविकास र शिक्षा | 36150 | 37716 | 39904 | 42877 | 47056 | 203704 |
| आधारभूत शिक्षा | 306337 | 318253 | 334819 | 357506 | 389369 | 1706283 |
| माध्यमिक शिक्षा | 48314 | 50536 | 53726 | 58088 | 64285 | 274948 |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 5700 | 6155 | 6735 | 7450 | 8372 | 34412 |
| अनौपचारिक शिक्षा र आजीवन सिकाइ | 2400 | 2588 | 2852 | 3198 | 3673 | 14712 |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | 14099 | 14752 | 15700 | 17004 | 18885 | 80440 |
| शिक्षक व्यवस्थापन र विकास | 6805 | 7235 | 7821 | 8582 | 9614 | 40056 |
| शिक्षामा समता र समावेशीकरण | 2310 | 2506 | 2781 | 3137 | 3617 | 14350 |

